# करोडौँ लगानी भएको प्रदेश अस्पताल विस्थापनको सँघारमा

**शशिधर पराजुली**
*विराटनगर, वैशाख १० गते*

कोशी प्रदेश सरकारको बेवास्ताका कारण विराटनगरस्थित 'शैलजा आचार्य हृदय रोग केन्द्र' विस्थापनको सँघारमा पुगेको छ।

अस्पताल सञ्चालन भइरहेको जग्गाको स्वामित्व रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले ३० दिनभित्र जग्गा खाली गर्न ताकिता गरेपछि प्रदेश सरकारले त्यहाँ रहेको अस्पताल संरचना जोखिममा परेको हो।

कोभिड–१९ को महामारीका बेला होल्डिङ सेन्टर सञ्चालन गर्न भन्दै प्रदेश सरकारले खाद्य साबिक नेसनल ट्रेडिङको जग्गा र भवन अल्पकालका लागि मागेको थियो तर सरकारले सो जग्गाको भोगाधिकारसम्बन्धी कुनै औपचारिक सम्झौता नगरी र कम्पनीलाई जानकारी नै नदिई स्थायी प्रकृतिका भौतिक संरचना निर्माण गरेको भन्दै कम्पनीले जग्गा खाली गर्न भनेको हो।

पटक पटकको पत्राचार र ताकिता गर्दा पनि प्रदेश सरकारले भाडा सम्झौता गर्न र बक्यौता तिर्न बेवास्ता गरेको आरोप कम्पनीले लगाएको छ। पछिल्लो पटक कम्पनीले गत चैत २५ गते पत्र पठाउँदै अस्पताल खाली गर्न अन्तिम अल्टिमेटम दिएको हो। जग्गा खाली गर्न भनी पठाएको पत्रको बोधार्थ स्वास्थ्य मन्त्रालय र जिल्ला प्रशासन कार्यालय मोरङमा समेत दिइएको छ।

### कम्पनीको आफ्नै योजना

खाद्य व्यवस्था तथा व्यापार कम्पनीका अनुसार अस्पतालले पाँच बिघाभन्दा बढी जग्गा चर्चेको छ। कम्पनीले पटक पटक सम्झौताका लागि पत्राचार गरे पनि प्रदेश सरकारले त्यसलाई गम्भीरतापूर्वक नलिएको आरोप कम्पनीले लगाएको छ। कम्पनीका जिन्सी तथा सम्पत्ति महाशाखा प्रमुख दीपक कार्कीले प्रदेश सरकारको ढिपी र बेवास्ताका कारण यो अवस्था आएको बताउनुभयो।

कार्कीले भन्नुभयो, "हामीले सुरुमा कोभिडको समयमा मानवीय अवस्था हेरेर होल्डिङ सेन्टरका लागि मात्र जग्गा दिएका थियौँ। पछि प्रदेश सरकारले सम्झौता नै नगरी अस्पताल चलायो र ठुलो संरचना बनाइयो। हामीले पटक पटक पत्र पठाएर भाडा बुझाउन र सम्झौता गर्न भन्यौँ, तर उहाँहरू टेर्नुभएन। सम्झौता नै नभएपछि हामीले हालसम्म एक रुपियाँ पनि भाडा पाएका छैनौँ।"

प्रदेश सरकारले वार्षिक १० लाख रुपियाँ भाडा दिने प्रस्ताव गरे पनि पाँच बिघाभन्दा बढी जग्गाका लागि त्यो रकम अत्यन्तै कम भएको कम्पनीको भनाइ छ। कम्पनीले वार्षिक १५ लाखभन्दा बढी भाडा हुनुपर्ने अडान राख्दै आएको थियो। कम्पनीले अब भाडामा लगाउने भन्दा पनि सो स्थानमा आफ्नै परियोजना सुरु गर्ने तयारी गरेको छ। कार्कीका अनुसार सो जग्गामा पाँच हजार मेट्रिक टन क्षमताको आधुनिक गोदाम र साइलो बनाउन विस्तृत परियोजना प्रतिवेदन तयार भइसकेको छ।

चैत २५ गते नै सिडिओ, प्रहरी र नगरपालिकालाई बोधार्थ दिएर जग्गा खाली गर्न भनेको उहाँले बताउनुभयो।

### पटक पटक नाम फेरिएको अस्पताल

विराटनगर महानगरपालिका–१० मा रहेको यो स्थानले छोटो समयमै पटक पटक आफ्नो परिचय बदलेको छ। सुरुमा नेसनल ट्रेडिङको गोदाम रहेको यहाँ कोभिड अस्पताल बनाइयो। त्यसपछि सरुवा रोग अस्पताल हुँदै पछिल्लो समय 'शैलजा आचार्य हृदय रोग केन्द्र' का रूपमा विकास गरियो।

बारम्बार नाम फेर्दै सञ्चालन गरिएको यो अस्पतालले अहिले बल्ल मुटुरोगीका लागि भरपर्दो सेवा दिन थालेको थियो। अस्पतालमा अहिले दैनिक ८० देखि ९० जना बिरामीले मुटुसम्बन्धी निःशुल्क सेवा लिइरहेका छन्। स्विस सरकार र निजी क्षेत्रको समेत लगानीमा यहाँ दुई वटा ठुला अक्सिजन प्लान्ट जडान गरिएका छन्।

# आइतबार पनि विद्यालय सञ्चालन

**खोटाङ समाचारदाता**
*खोटाङ, वैशाख १० गते*

सरकारले आइतबार सार्वजनिक बिदा दिए पनि खोटाङको खोटेहाङ गाउँपालिकाले सो दिन विद्यालय सञ्चालन गर्ने भएको छ।

सरकारको मन्त्रीपरिषद्को बैठकले शनिबार र आइतबार हप्ताको दुई दिन सार्वजनिक बिदा दिने निर्णय गरेको थियो। अहिलेको पाठ्यक्रम अनुसार सरकारले दिएको दुई दिनको सार्वजनिक बिदाले निर्धारित पाठ्यभार पूरा गर्न नसकिने खोटेहाङ गाउँपालिकाले जनाएको छ। जसकारण आइतबार पनि गाउँपालिकाभित्रका सबै विद्यालयमा पठनपाठन गर्ने गाउँपालिकाले जनाएको छ। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश राईले विद्यालयलाई पठाएको पत्र अनुसार वैशाख १३ गतेबाट सबै विद्यालयमा पठनपाठन सुरु गर्नू भनिएको छ।

सरकारले वैशाख १५ बाट भर्ना सुरु गरेर वैशाख २१ गतेदेखि मात्र पठनपाठन सुरु गर्न निर्देशन दिएको थियो तर सङ्घीय सरकारको निर्देशनविपरीत खोटेहाङ गाउँपालिकाले वैशाख १० गते भर्ना अभियान र वैशाख १३ बाट पठनपाठन सुरु गर्न विद्यालयलाई पत्र पठाएको छ।

वैशाख ८ गते बसेको गाउँपालिका शिक्षा समितिको बैठकले वैशाख १३ गतेबाट पठनपाठन सुरु गर्ने र आइतबार पनि विद्यालय सञ्चालन गर्ने निर्णय गरेको खोटेहाङ गाउँपालिकाले जनाएको छ।

# वाइसिएलले निर्माण गऱ्यो विपन्न परिवारलाई घर

**फिदिम समाचारदाता**
*फिदिम, वैशाख १० गते*

> घर निर्माणमा करिब पाँच लाख पचास हजार रुपियाँ खर्च भएको छ । निर्माणका लागि आवश्यक जस्तापाता भने फिदिम नगरपालिकाले सहयोगस्वरूप उपलब्ध गराएको छ ।

आर्थिक अवस्था कमजोर भएका एक परिवारलाई नेपाली कम्युनिस्ट पार्टी निकटतम योङ कम्युनिस्ट लिग पाँचथरले नयाँ घर निर्माण गरी हस्तान्तरण गरेको छ।

फिदिम नगरपालिका–२, माथ्लोगाउँ निवासी अमृत नेपालीको परिवारका लागि निर्माण गरिएको उक्त घर सार्वजनिक कार्यक्रम आयोजना गर्दै हस्तान्तरण गरियो।

यसअघि जीर्ण अवस्थामा रहेको सानो झुप्रो घरमा बसोबास गर्दै आएको नेपाली परिवार बर्खायाममा पानी चुहिने समस्यासहित विभिन्न कठिनाइ भोग्दै आएको थियो। नयाँ घर निर्माण भएसँगै परिवारको बसोबास सहज भएको छ।

घर प्राप्त गरेपछि अमृत नेपालीकी श्रीमती विमला दर्जीले सुरक्षित आवास पाउँदा खुसी व्यक्त गर्नुभयो। उहाँका अनुसार परिवारका सदस्यहरू अहिले नयाँ घरमा बसोबास सुरु गरेका छन्। उनीहरू जीविकोपार्जनका लागि परिवारका सदस्य श्रममा निर्भर रहेका छन्।

वाइसिएल नेपालका केन्द्रीय सचिव विक्रम शङ्खरले स्थानीयस्तरमा देखिएको दयनीय अवस्थालाई ध्यानमा राख्दै 'श्रमसँग रोजगार' अभियान अन्तर्गत घर निर्माण गरिएको जानकारी दिनुभयो। उहाँले यस्ता सामाजिक उत्तरदायित्वका कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिइने पनि बताउनुभयो।

वाइसिएल नेपाल पाँचथरका कार्यवाहक अध्यक्ष रामु खत्रीका अनुसार घर निर्माणमा करिब पाँच लाख पचास हजार रुपियाँ खर्च भएको छ। निर्माणका लागि आवश्यक जस्तापाता भने फिदिम नगरपालिकाले सहयोगस्वरूप उपलब्ध गराएको जनाइएको छ।

स्थानीयस्तरमा जनश्रमदानमार्फत गरिएको यस्तो पहलले विपन्न समुदायको जीवनस्तर सुधारमा सहयोग पुगेको सरोकारवालाले बताएका छन्।

# गोरखापत्रकर्मी लिम्बू पुरस्कृत

**फुङलिङ समाचारदाता**
*फुङलिङ, वैशाख १० गते*

गोरखापत्रकर्मी साहारा लङ्वा लिम्बू पुरस्कृत हुनुभएको छ। स्वर्गीय टीकाराम गौतमको १६ औँ स्मृति दिवसको अवसरमा गोरखापत्रकर्मी लिम्बू नगदसहित पुरस्कृत हुनुभएको हो।

नेपाल पत्रकार महासङ्घ ताप्लेजुङको सिफारिसमा लिम्बू टीकाराम गौतम स्मृति प्रतिष्ठानद्वारा पुरस्कृत हुनुभएको छ। लिम्बू नगद १० हजार १०५ रुपियाँ र सम्मानपत्रसहित पुरस्कृत हुनुभएको प्रतिष्ठानका अध्यक्ष तोयानाथ गौतमले जानकारी दिनुभयो। उहाँका अनुसार स्वर्गीय गौतमको स्मृतिमा हरेक वर्ष महासङ्घको सिफारिसमा जिल्लाका क्रियाशील पत्रकारलाई पुरस्कृत गर्दै आइएको छ। हालसम्म जिल्लाका १२ जना उत्कृष्ट पत्रकारलाई टीकाराम गौतम स्मृति पत्रकारिता पुरस्कार प्रदान गरिसकिएको छ।

लिम्बूले करिब एक दशकअघिदेखि क्रियाशील रूपमा पत्रकारिताको क्षेत्रमा रहेर योगदान पुऱ्याउनु भएकाले उहाँलाई पुरस्कृत गर्न सिफारिस गरिएको महासङ्घका अध्यक्ष सुवास आचार्यले बताउनुभयो।

त्यस्तै प्रतिष्ठानले समाजसेवी व्यक्तिका रूपमा भानुजन माध्यमिक विद्यालयका प्रधानाध्यापक किशोर राईलाई समेत नगद १० हजार १०५ रुपियाँसहित सम्मानपत्रले सम्मान गरिएको प्रतिष्ठानले जनाएको छ।

---

**नेपाल सरकार**
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
## राष्ट्रिय विधि विज्ञान प्रयोगशाला
**खुमलटार, ललितपुर**

### सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८३।०१।११**

यस प्रयोगशालाको आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रम अनुसार आवश्यक सामग्रीहरू खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त फर्म वा कम्पनीबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट https://bolpatra.gov.np/ मार्फत वा कार्यालयमा सिलबन्दी दरभाउ पत्र पेश गर्न आह्वान गरिएको छ।

| IFQ No. | फाराम दस्तुर | सामानको विवरण | जमानत रकम |
|---|---|---|---|
| NAFOL/NCB/SQ/01/082-83 | रु. १,०००।– | Solid waste incineration unit for laboratory | रु.३५,०००।– |

बोलपत्र दाताले फाराम दस्तुर यस प्रयोगशालाको नाउँमा राष्ट्रिय वाणिज्य बैंक, लगनखेल, ल.पु.को खाता नं. ११२०१००००००१३००६ मा जम्मा गर्नुपर्नेछ। दरभाउ पत्र साथ जमानत बापतको रकम उक्त खातामा जम्मा गरेको सक्कलै भौचर वा यस प्रयोगशालाको नाउँमा दरभाउपत्र फाराम दाखिला गर्ने अन्तिम दिनबाट ७५ दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको बिडबन्ड पेश गर्नुपर्नेछ। दरभाउ पत्रहरू २०८३/०१/२८ गते सोमबार दिनको १२:०० बजेसम्म अपलोड गरी सक्नुपर्नेछ र सोही दिन दिउँसो २:०० बजे यस कार्यालयमा खोलिनेछ। यस सम्बन्धी थप जानकारी आवश्यक परेमा यस प्रयोगशालाको फोन नं. ०१–५९२०९२७ वा खरिद एकाइमा सम्पर्क गरी बुझ्न सकिनेछ।

---

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**महालेखा नियन्त्रक कार्यालय**
## कोष तथा लेखा नियन्त्रक कार्यालय
**नवलपरासी (ब.सु.प.)**

### नामनामेसी नखुलेको धरौटी रकम दाबी गर्ने सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८३।०१।११**

यस कोष तथा लेखा नियन्त्रक कार्यालयको क–२–३ धरौटी खातामा लामो समयदेखि रकम जम्मा रहेकोमा जम्मा गर्ने कार्यालय, व्यक्ति वा संस्थाको नामनामेसी नखुलेको कारण यस कार्यालयको नाममा आम्दानी बाँधिएको आ.व. २०८०।०८१ र सोभन्दा अगाडिको धरौटी खाताको रकम महालेखा नियन्त्रक कार्यालयको प.सं. २०८२।०८३ च.नं. ९७१ मिति २०८२।१२।२५ को पत्रबाट धरौटीको रकम सदरस्याहा गर्ने/गराउने सम्बन्धमा प्राप्त निर्देशन एवं आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६८ को खण्ड (ग), (घ) र (ङ) बमोजिम सदरस्याहा गरी राजस्व खातामा आम्दानी बाँध्नुपर्ने भएकोले कुनै व्यक्ति, संस्था वा कार्यालयले उक्त धरौटी खातामा जम्मा गरेको धरौटी सम्बन्धी कार्यालयमा आम्दानी बाँध्न छुट भएको भए आवश्यक प्रमाण र कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र सम्बन्धित कार्यालय मार्फत दाबी गर्न हुन अनुरोध गरिन्छ। उक्त समयावधि पश्चात् प्रमाण कागजात नपुगेका तथा कसैको दाबी नभएको धरौटी रकम नियमानुसार राजस्व खातामा दाखिला गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

**प्रमुख कोष नियन्त्रक**

---

**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
## राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र टेकु, काठमाडौँ

### सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आश्यको सूचना

**प्रकाशित मितिः–२०८३–०१–११** (24, April 2026)

यस केन्द्रको मिति २०८२।१२।२४ गतेको गोरखापत्र दैनिक पत्रिका एवं (https://www.bolpatra.gov.np/egp) मा प्रकाशित सूचना अनुसार (Single Stage Single Envelope)अन्तर्गत रितपूर्वक दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरू मध्ये सार्वजनिक खरिद ऐन,२०६३को दफा २५वमोजिम न्यूनत्तम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही रहेको तपसिल अनुसारको दरभाउपत्र दफा २७(१)वमोजिम स्वीकृतिको लागि छनोट भएको हुँदा २७(२) वमोजिम सम्बन्धित सबै सिलबन्दी दरभाउपत्रदाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| क्र. सं. | ठेक्का नं. | छनौट भएका दरभाउपत्रदाताहरूको नाम, ठेगाना | कबोल अंक (मू.अ. कर बाहेक) |
|---|---|---|---|
| १. | NHEICC/Re-SQ-082/083/04- Development and printing of flipcharts related to cervical cancer. | हाईडल प्रेस प्रा.लि., काठमाडौँ | रु.७,४४,८००/– |

**निर्देशक**

---

## नमोबुद्ध नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**भकुण्डेबेशी, काभ्रेपलाञ्चोक**
**बागमती प्रदेश, नेपाल**

### सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशन मितिः २०८३/०१/११**

यस नगरपालिकाबाट निम्न कार्यको लागि सिलबन्दी दरभाउपत्र आह्वान गरिएको हुँदा इच्छुक फर्म, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १६ औँ दिनको १२:०० बजे भित्र शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। विस्तृत विवरण सहितको सूचनाको लागि यस कार्यालयको वेबसाईट www.namobuddhamun.gov.np मा हेर्न सकिनेछ।

**तपसिलः**

| ठेक्का नं. | कार्यको विवरण | धरौटी रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|
| NMUN/SQ/GOODS/2082/083-04 | Supply and Delivery of Medicine and Surgical Goods | NRs. 50,000/- | NRs. 1000 |
| बैङ्क खाता नं. | Name of the Bank: Rastriya Banijya Bank Ltd., Bhakundebesi Branch<br>Office Name: Namobuddha Municipality Office<br>Office Code: 801032602 Rajswo Shirshak: 14219<br>Rajaswa (revenue) account no (for bid fee): Ga-1-1-1540100301010002<br>Dharauti Account No. (For Bid Security): Ga-3-1540100303000002 | | |

---

## लक्ष्मीनियाँ गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**लक्ष्मीनियाँ बजार, धनुषा**
**मधेश प्रदेश,नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति – २०८३।०१।११ गते**

यस गाउँपालिकाको तपशिल बमोजिमको ठेक्का नं. मा उल्लेखित कार्यको लागि विद्युतीय (e–GP) प्रणाली मार्फत प्रकाशित दरभाउपत्र आह्वानको सूचना अनुसार तोकिएको म्याद भित्र रितपुर्वक दर्ता हुन आएका दरभाउपत्रहरू मूल्याङ्कन समितिबाट न्यूनतम मूल्याङ्कन भई सारभूत रूपमा प्रभावग्राहीदेखि स्वीकृतीको लागि तपशिल बमोजिमको दरभाउपत्र छनोट भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ उपदफा (२) र (३) तथा सार्वजनिक खरीद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सबैको जानकारीको लागि यो ७(सात) दिने सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | दरभाउपत्रदाता को नाम र ठेगाना | कबोल अंक (VAT र PS वाहेक) |
|---|---|---|---|---|
| १ | LAX/WORKS/05-2082-83 | kumarkant jhako ghar dekhi shree hanuman mandir hudai bhola mishrako ghar najik pul samma sadak starunnati | Shusant Nirman Sewa and Consultancy, Sabaila -10, Dhanusha | १३,५८,९५८.९६ |

**प्रशासकीय अधिकृत**

---

**त्रिभुवन विश्वविद्यालय**
## परीक्षा नियन्त्रण कार्यालय,
**बल्खु, काठमाडौँ।**

### चमेना गृह सञ्चालन गर्न सिलबन्दी दरभाउपत्र पेश गर्ने बारेको सूचना

**(प्रकाशित मिति : २०८३।०१।११ गते)**

यस कार्यालयको हाताभित्र रहेको चमेना गृह (क्यान्टिन) भाडामा सञ्चालन गर्न इच्छुक फर्म, कम्पनी वा व्यक्तिले आफ्नो फर्म दर्ता प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्र, फर्म नवीकरणको पत्र, ०८१।०८२ को कर चुक्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरू तथा व्यक्तिको हकमा प्यान कार्ड, आ.व. २०८१।०८२ को कर चुक्ता प्रमाणपत्र तथा नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी सिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशन गरिएको छ। यस कार्यालयको ग्लोबल आइ.एम.ई. बैंकको कीर्तिपुर शाखास्थित खाता नं. ०५०१०१०००००७७ वा नेपाल बैंक लिमिटेड, कीर्तिपुर शाखास्थित खाता नं. ०४५००१०००९९१०८००००००१ मा रु. १,०००।– (अक्षरुपी एक हजार मात्र) (फिर्ता नहुने) नगद जम्मा गरेको सक्कल भौचर पेश गरी स्टोर शाखाबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ। साथै दरभाउपत्र जमानत बापत रकम पनि उपरोक्त बैंकहरूको कुनै एक खातामा जम्मा गर्न सकिनेछ।

| सि. नं. | दरभाउपत्र विवरण | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र पेश गर्ने अन्तिम मिति | दरभाउपत्र खोल्ने मिति र समय | दरभाउपत्र जमानत रकम |
|---|---|---|---|---|---|
| १ | चमेनागृह संचालन सम्बन्धी | २०८३।०१।२५ गते दिनको ५:०० बजेसम्म | २०८३।०१।२८ गते दिनको १२:०० बजेसम्म | २०८३।०१।२८ गते दिनको २:०० बजे | रु. ४,५००।– |

विस्तृत जानकारीका लागि कार्यालय समयभित्र यस कार्यालयको सामान्य प्रशासन शाखा अथवा स्टोर शाखामा सम्पर्क राख्न सकिनेछ।

**परीक्षा नियन्त्रक**

---

**नेपाल सरकार**
**ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय**
## विद्युत विकास विभाग
**सानो गौचरन, काठमाडौँ, नेपाल**

### सुप्रिम मध्य सेती जलविद्युत आयोजना १८ मेगावाट सम्बन्धी सार्वजनिक सूचना

**(दोस्रो पटक प्रकाशित मितिः २०८३।०१।११)**

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. १४, २७, २९ र ३३ मा अवस्थित विजयपुर खोला र सेती नदीको पानीलाई उपयोग गर्दै नदी बहावमा आधारित (Run of River type) १८ मेगावाट क्षमताको सुप्रिम मध्य सेती जलविद्युत आयोजना निर्माण गर्न केसीज होटल्स एण्ड मल्टिपल इन्डष्ट्रिज प्रा.लि. ले विद्युत ऐन, २०४९ को दफा ४ र विद्युत नियमावली, २०५० को नियम १२ बमोजिम दरखास्त पेश गरेको हुनाले विद्युत नियमावली, २०५० को नियम १५ बमोजिम आवश्यक जाँच बुझ गरी नियम १६ को प्रयोजनका लागि नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट मिति २०८०।०८।२५ गते स्वीकृत भएको यस आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (Initial Environmental Examination) तथा आयोजनाको पछिल्लो अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन, जुन २०२३ (Feasibility Study Report) अनुसार आयोजना सम्बन्धी तपसिलका विवरणहरू खोली सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**आयोजना सम्बन्धी विवरणहरू :**

१. केसीज होटल्स एण्ड मल्टिपल इन्डष्ट्रिज प्रा.लि. २०५८ सालमा स्थापित विद्युत उत्पादन गर्ने संस्था हो। यो कम्पनी प्रचलित कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा अन्तर्गत गठन भएको संस्था हो।

२. आयोजना स्थलको भौगोलिक सिमाना निम्नानुसार कायम गरिएको छ।
अक्षांश : दक्षिण २८°०८'०५"N देखि उत्तर २८°०९'२९"N सम्म
देशान्तर : पश्चिम ८४°०१'४९"E देखि पूर्व ८३°०४'१५"E सम्म

३. यो आयोजना नदी प्रवाहमा आधारित (Run of River) प्रकारको आयोजना रहनेछ र जडित क्षमता १८ मे.वा. रहनेछ। यसको डिजाइन बहाव (Design Discharge) ४४.१४ घनमिटर प्रति सेकेन्ड र समग्रगत हेड (Gross Head) ५० मि. रहनेछ। आयोजनाबाट वार्षिक सरदर १०९.३३ गिगावाट घण्टा (GWh) विद्युतीय ऊर्जा उत्पादन हुनेछ। यस आयोजनाले बिजयपुर खोलामा सञ्चालन भइरहेको बिजयपुर II जलविद्युत आयोजनाको टेलरेसको पानी र सेती नदीको बहाव उपयोग गरी विद्युत उत्पादन गर्नेछ।

४. यस आयोजनाका मुख्य भौतिक संरचनाहरू पोखरा महानगरपालिकामा अवस्थित सेती नदीको बाँया किनारमा रहनेछन्। आयोजनाका लागि आवश्यक पानी फर्काउन सेती नदीमा ९० मि. लम्बाई र ४ मि. (सेती नदीबाट) उचाईको बाँध निर्माण गरिनेछ। उक्त बाँधको Weir Elevation ६३३ masl रहनेछ। बाँधको बाँया कुनामा ४.२५ मि. चौडाई र ३ मि. उचाई रहेको पाँचवटा Side Intake बाट आयोजनाका लागि फर्काएको पानी Gravel Trap मा लगिनेछ। Gravel Trap को लम्बाई १० मि. रहनेछ। Gravel Trap बाट निस्केको पानीलाई नहर हुँदै ७५.० मि. लम्बाई, १३ मि. चौडाई, ६.४५ मि. उचाईका दुईवटा च्याम्बर सहितको Desanding Basin मा पुऱ्याइनेछ। Desanding Basin बाट निस्केको पानीलाई विभिन्न canal मार्फत कलेक्सन पोन्डमा पुऱ्याइनेछ। साथै बिजयपुर II जलविद्युत आयोजनाको टेलरेसको पानी समेत tap गरी कलेक्सन पोन्डमा पुऱ्याइनेछ। कलेक्सन पोन्ड पश्चात् पानीलाई २०७७ मि. लम्बाई भएको हेडरेस क्यानल मार्फत २५ मि. लम्बाई भएको फोरवेमा लगिनेछ। उक्त फोरवेबाट पानीलाई १०५७ मि. को हेडरेस पाइप हुँदै सर्ज साफ्ट मार्फत १८० मि. पेनस्टक हुँदै ५१ मि. लम्बाई, १७ मि. चौडाई र ३० मि. उचाईको semi-surface विद्युतगृह (Powerhouse) मा पुऱ्याइनेछ।
विद्युत गृहमा जडित ३ वाट Vertical Shaft Francis Turbine र ३ वटा ३ फेज Generator मार्फत १८ मेगावाट विद्युत उत्पादन गरिनेछ र त्यहाँबाट निस्केको पानीलाई ३३० मि. लम्बाईको Tailrace Canal मार्फत सेती नदीमा छाड्ने प्रबन्ध मिलाइनेछ। विद्युत गृह नजिकै Outdoor Switchyard निर्माण गरिनेछ। यस आयोजना मार्फत उत्पादन हुने विद्युत करिब ४.५ कि.मि. लामो प्रसारण लाइन मार्फत लेखनाथ सबस्टेसन मार्फत राष्ट्रिय प्रसारण लाईनमा प्रवाह गरिनेछ।

५. आयोजनाको बाँध स्थलभन्दा तल तथा विद्युत गृहभन्दा माथिको खण्डमा पाइने जीवजन्तु, जलचर तथा बोट विरुवाहरूका लागि आवश्यक पर्ने न्यूनतम पानी नेपाल सरकारको सम्बन्धित निकायबाट स्वीकृत भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन Initial Enviromental Examination प्रतिवेदनमा उल्लेख गरिए बमोजिम अविच्छिन्न रूपमा तल्लो तटीय क्षेत्रमा छाड्न केसीज होटल्स एण्ड मल्टिपल इन्डष्ट्रिज प्रा.लि.ले प्रस्ताव गरेको छ।

६. यो आयोजना २०८७ साल असार (जुन, २०३०) सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ।

७. आयोजनाको निर्माण तथा सञ्चालन गर्दा विद्युत ऐन, २०४९ को दफा २४ बमोजिम भू–क्षय, वायु प्रदूषण आदिद्वारा वातावरणमा उल्लिखित प्रतिकूल असर नपर्ने गरी आयोजनाको स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (Initial Environmental Examination) प्रतिवेदन अनुसार गर्न लगाइनेछ।

आयोजनाको संरचनाहरूको अवस्थितिबारे विवरण देहाय बमोजिम रहेको छ :

**सुप्रिम मध्य सेती जलविद्युत आयोजना (१८ मे.वा.) को संरचनाहरू रहने स्थान**

| सि.नं. | संरचना | स्थान |
|---|---|---|
| १. | Headworks, Gravel Trap, Settling Basin, Head Pond, Collection Pond, Headrace Canal, Forebay, Surge Pipe, Powerhouse, Tailrace | पोखरा महानगरपालिका, वडा नं. १४, २७, २९ र ३३, कास्की जिल्ला, गण्डकी प्रदेश, नेपाल। |

**आयोजनाको विस्तृत जानकारीका लागि सम्पर्क ठेगाना :**

| केसीज होटल्स एण्ड मल्टिपल इन्डष्ट्रिज प्रा.लि. | विद्युत विकास विभाग |
|---|---|
| पोखरा लेखनाथ महानगरपालिका–१४, कास्की। | सानो गौचरन, काठमाडौँ |
| फोन नं. : ९८४९८२१५६४ | पो.ब.नं. : २५००७ |
| इमेल : suprimhydro20mw@gmail.com | फोन नं. : ०१–४५३४११९, ४५११५३७ |
| | फ्याक्स : ०१–५२४४२५७ |
| | इमेल : poonampooh7@gmail.com |
| | Website : www.doed.gov.np |